अपिहिमाल गाउँ पालिका
गाउँ कार्यपालिकाको कार्यालय
खण्डेश्वरी,दार्चुला
सुदूरपश्चिम प्रदेश,नेपाल

यस गाउँपालिकाको गाउँ कार्यपालिकाको बैठक संख्या १२/२०८१-०८२ मिति २०८२/०३/०८ गते बसेको बैठकका निर्णयहरू सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ को दफा ३५ तथा सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली २०६५ को नियम २४ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि सार्वजनिक गरिएको छ।

**संवत् २०८२ साल असार ०८ गतेको गाउँ कार्यपालिका बैठकका निर्णयहरुको संक्षिप्त विवरण:**

| क्र.स. | शाखा/उपशाखा | निर्णयको संक्षिप्त व्यहोरा |
|---|---|---|
| १. | प्रशासन शाखा | मिति २०८२/०३/०२ गतेको गाउँ कार्यपालिकाबाट जारी भएको गाउँ सभाको बैठक सम्बन्धी सूचनालाई स्वीकृति तथा अनुमोदन गर्ने। |
| २. | | यस गाउँपालिकाको संवत २०८२ असार ९ गते देखि बस्ने गाउँ सभाको बीसौँ अधिवेशनका प्रस्तावहरु स्वीकृत गरी गाउँ सभामा पेश गर्ने |
| ३. | आर्थिक प्रशासन शाखा | अपिहिमाल गाउँपालिकाको आर्थिक सहायता तथा राहत वितरण कार्यविधि, २०८० को दफा ४ को उपदफा (२) को खण्ड (ग) बमोजिम लाभग्राहीहरुलाई नगद आर्थिक सहायता तथा राहत उपलब्ध गराउने। |
| ४. | | यस गाउँपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ का लागि विनियोजित वार्षिक बजेट तथा कार्यक्रम अन्तरगत कार्यालयबाट कार्यान्वयन गरी सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरुको भुक्तानी निकासा दिने। |
| ५. | | नं. ३ वडा अन्तरगत रहेको हिमालय आधारभूत विद्यालय पाथामा कार्यरत शिक्षक एक्कासी सिकिस्त बिरामी भई आधारभूत स्वास्थ्य इकाई, पाथा तथा खण्डेश्वरी स्वास्थ्य चौकीमा उपचार सम्भव नभई थप उपचारका लागि धनगढी प्रेषण गरेकाले मकरीगाड देखि धनगढी सम्म जान प्रयोग गरेको गाडि वुकिङ वापतको खर्च भुक्तानी निकासा दिने। |
| ६. | | नं.६ वडा स्थित सितोला बस्तीमा रहेको दुर्गा भवानी माताको मन्दिर निर्माणको कार्य सम्पन्न भएको हुँदा प्राविधिक मुल्यांकनका आधारमा भुक्तानी निकासा दिने। |
| ७. | | यस गाउँपालिकाको सिद्धमकरीकोट खण्डेश्वरी देखि बेश क्याम्प सम्मको पर्यटकीय पदमार्ग(ठेक्का नं.AHRM/NCB/07/077-078) को निर्माण कार्य सम्पन्नभई सकेको हुँदा सोको गाउँपालिकाको कार्यालयबाट बहोर्नु पर्ने समपूरक वापतको रकम भुक्तानी निकासा दिने। |
| ८. | | सूदुरपश्चिम प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भई यस गाउँपालिकामा कार्यान्वयन तथा निर्माण सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरुको सम्बन्धित उपभोक्ता समितिलाई भुक्तानी निकासा दिने। |
| ९. | पूर्वाधार / आर्थिक प्रशासन शाखा | परामर्श सेवा खरिद अन्तरगत छनौट भएका परामर्शदाता सँग भएको सम्झौता बमोजिम कार्य सम्पन्न भई पेश हुन आएका वातावरणीय अध्ययन, विस्तृत आयोजना प्रतिवेदन लगायतको स्वीकृति गर्ने र सम्बन्धित परामर्शदातालाई भुक्तानी निकासा दिने। |
| १०. | योजना शाखा | यस गाउँपालिकाको सिद्धमकरीकोट खण्डेश्वरी देखि बेश क्याम्प सम्मको पर्यटकीय पदमार्ग(ठेक्का नं.AHRM/NCB/07/077-078) को निर्माण कार्य सम्पन्नभई सकेको हुँदा श्री संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको हिस्साको रकम निकासाका लागि मन्त्रालयलाई अनुरोध गर्ने। |

रबिन्द्र सिंह बोहरा
प्रवक्ता
अपिहिमाल गाउँ कार्यपालिका